TATA HITACHI

Reliable solutions

# CONMAC , Kathmandu

# Media Coverage Report

# Naya Patrika National Daily

## नेपालमा टाटा हिटाचीको माग बढिरहेको छ

**नेपालमा आयोजना गरिएको यो बृहत् प्रदर्शनीबाट तपाईंले कस्तो अपेक्षा राख्नुभएको छ ?**

हाम्रो दुईस्तरको अपेक्षा छ। पहिलो त भारतीय सरकारको प्रतिनिधित्वसमेत भारतीय निर्माण उपकरण उत्पादक संगठन (आइसिमा)ले गरेको छ। भारतले नेपालको पूर्वाधार विकासमा सघाइरहेको अवस्थामा नेपालमा हाम्रो उपस्थिति भएको छ। दुवै देशका सरकारले सँगै काम गरिरहेको अवस्थामा भारतीय उत्पादकहरूले यो प्रदर्शनीमा भाग लिएका छन्। यो निर्माण उपकरणहरू आपूर्तिको राम्रो गन्तव्य पनि हो। त्यस्तो अवस्थामा यो प्रदर्शनीमा भाग लिन पाउनु हाम्रो लागि महत्त्वपूर्ण कुरा हो।

**टाटाका के-कस्ता उत्पादनहरू बजारमा उपलब्ध छन् ?**

हामीले निर्माण तथा खनिजसम्बन्धी उपकरणहरू प्रदर्शनीमा राखेका छौं। टाटा हिटाची भनेको हिटाची ग्रुप अफ जापान र टाटा इन्डियाको जोइन्ट भेन्चर हो। हामीले मुख्य गरेर निर्माण उपकरणहरू उत्पादन गर्छौं। हाइड्रोलिक एस्काभेटर, लोडर तथा ब्याकहो लोडरहरू उत्पादन गर्दै आएका छौं। विशेष किसिमका विशिष्टीकृत मेसिनहरू पनि छन्। तर, त्यस्ता मेसिन हामीले हालसम्म नेपाली बजारमा ल्याएका छैनौं। हामीले हालै नयाँ ब्याकहो लोडर मेसिन उत्पान सुरु गरेका छौं। त्यो मेसिन चाँडै नै नेपालमा ल्याउँदै छौं। हाम्रा मेसिनहरू जापान, भारत र नेपाललगायत देशमा उपलब्ध छन्।

**तपाईंहरूको उत्पादनको नेपालमा बजार हिस्सा कस्तो छ ?**

हाम्रा कम्पनीका उत्पादनहरू गुणस्तरीय साथै बलिया छन्। टाटा हिटाची आफैंमा पनि राम्रो कम्पनी हो। हाम्रा मेसिनहरू गुणस्तरीय र बलिया भएकै कारण केही महँगा छन्। यद्यपि हाम्रो उपस्थिति राम्रै छ। उपभोक्ताको मन जित्दै गएको अवस्था छ। उपभोक्ताले मन पराउन थालेकाले बिस्तारै हाम्रो बजार हिस्सा पनि बढेर जाने अपेक्षा लिएका छौं।

**अहिले नेपालमा भइरहेको पूर्वाधार विकासको तीव्रतालाई कसरी लिनुभएको छ ?**

पूर्वाधार विकासमा आएको तीव्रताकै कारण अहिले छोटो अवधिमा पनि नेपालमा निर्माण उपकरणको माग निकै बढेको पाएका छौं। त्यसैले नेपालमा निर्माण र निर्माण उपकरणहरूको राम्रो बजार रहेको देख्छु। नेपाल भूगोलको हिसाबले सानो मुलुक भए पूर्वाधार विकास र विस्तारका लागि करिब-करिब भर्जिन मुलुक हो। र, अहिले पूर्वाधार तथा विकास निर्माणको कार्य तीव्र गतिमा भइरहेकाले अझै राम्रो भविष्य देखिन्छ।

**अब टाटा हिटाचीले कस्तो उपकरण नेपालमा ल्याउँदै छ ?**

हामीले हालै ब्याकहो लोडर उत्पादन सुरु गरेका छौं। त्यो मेसिन पनि केही महिनाभित्रै नेपालमा ल्याउने तयारी गरिरहेका छौं। हामीले हालै माइनिङ मेसिन पनि ल्याएका छौं। ठूला मेसिनहरूका लागि पनि नेपालको बजारमा राम्रो देखिएको छ। त्यसैले त्यस्ता ठूला मेसिनहरू पनि हामीले नेपालमा ल्याउने योजना बनाएका छौं। भेजिटेबल प्लान्टेसनका लागि प्रयोग हुने मेसिनहरू पनि हामीले ल्याउँदै छौं।

**नेपालका ग्राहक तथा नागरिकलाई तपाईंको भन्नु के छ ?**

सबैभन्दा पहिला त टाटा हिटाचीले उच्च गुणस्तरका सामानहरू उत्पादन र आपूर्ति गर्दै आएको छ। यसले व्यावसायिक नैतिकता र सुशासनमा रहेर काम गरिरहेको छ। नेपालका निर्माण व्यवसायी तथा आमनागरिकले पनि एक कुशल साथीका रूपमा टाटा हिटाचीलाई स्वीकार गर्नुभएको छ। टाटा हिटाची र नेपाली उपभोक्ता मिलेर धेरै काम भएका छन्। आगामी दिनमा पनि नेपालको पूर्वाधार तथा आर्थिक विकासमा यस कम्पनी नेपालीको साथीकै रूपमा अघि बढिरहने छ। सबैको सहयोगको अपेक्षा हामीले गरेका छौं।



**हेमन्त माथुर**
सिनियर जनरल म्यानेजर
सेल्स एन्ड मार्केटिङ
टाटा हिटाची कन्स्ट्रक्सन
मेसिनरी कम्पनी प्रालि, भारत




Activate Windows

# Abhiyan



आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण

गृहपृष्ठ लगानी समाचार अन्तरवार्ता शिक्षा बजार घर संसार लेख रोजगारी यातायात प्रदेश समाचार अन्तरराष्ट्रिय ENGLISH

१० मंसिर २०७५, सोमबार ०६:२६ बजार

## टाटा हिटाचीका नयाँ उपकरण सार्वजनिक

काठमाडौं (अस) । सिप्रदी ट्रेनिङको सहकार्यमा टाटा हिटाचीले नेपाली बजारमा निर्माणसँग सम्बन्धित नयाँ उपकरण सार्वजनिक गरेको छ । कम्पनीले कोनक्याक–२०१८ को अवसर पारेर ईएक्स सुपर एक्स्क्याभेटर र जेडएएक्सआई३३यू मिनी एक्स्क्याभेटर सार्वजनिक गरेको हो । सिप्रदीका अध्यक्ष सौर्यशमशेर जबरा, टाटा हिटाचीका सेल्स एण्ड मार्केटिङतर्फका वरिष्ठ महाप्रबन्धक हेमन्त मथुरले ती उपकरण सार्वजनिक गरेका हुन् । प्रदर्शनीमा नेपालमा उपलब्ध कम्पनीका अन्य हेभीइक्युपमेण्टसमेत प्रदर्शनीमा राखिएको थियो ।

# Karobar National Daily

Auto

## SIPRADI and TATA Hitachi at CONMAC 2018: AAON DESH BANAUN




KAROBAR CORRESPONDENT

Monday, Nov 26, 2018

Share

Star attractions at CONMAC 2018:Star attractions at CONMAC 2018:o Launch of the NEW EX200 Super + hydraulic excavator and the launch of the compact and power packed mini hydraulic excavator ZAXIS33Uo Launch of the Quick Coupler in the Nepal market Introduction of CONSITE – a unique telematics suite for the EX Series of hydraulic excavators and wheeled products amongst all in the industry.

Participating in CONMAC Nepal 2018, in partnership with Sipradi Trading Private Limited, Tata Hitachi launched the new EX200 Super + hydraulic excavator and the compact and powerful mini excavator ZAXIS33U. The grand launch of the event with the latest in line products from TATA Hitachi was inaugurated by Mr. Saurya SJB Rana – President – SIPRADI Group, Mr. Hemanta Mathur – Senior General Manager (Sales

### Latest News

SIPRADI and TATA Hitachi at CONMAC 2018: AAON DESH BANAUN

The country's largest infrastructure exhibition 'CII ConMac 2018'

Chairman Bhatta bereaved

NC to have 141 central committee members

### Banking

NRB to supply new bank notes on other festivals too

Loosely regulated cooperatives as risk to financial sector stability

World Bank approves first energy sector credit in Nepal

View more

# Onlinekhabar .com



# Ratopati .com



# Live of Nepal .com

## कनम्याक–२०१८ मा सिप्रदी र टाटा हिटाचीको 'आऔं देश बनाउँ' अभियान

136
SHARES

Facebook | Twitter | Google+ | Gmail | WhatsApp




ताजा खबर

